म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११५ शुक्रबार २१ मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 6 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीमा घरेलुहिंसाका घटना वृद्धि

हेटौंडा, २० मंसिर/बागमती प्रदेशमा घरेलुहिंसाका घटना वृद्धि भएको पाइएको छ । प्रदेश प्रहरी कार्यालय हेटौंडामा पछिल्लो चार महिनाको तथ्यांकअनुसार घरेलुहिंसाको घटनामा वृद्धि भएको पाइएको हो । सो अवधिमा ४८६ वटा घरेलुहिंसाका घटनाका उजुरी परेको छ । गत साउन महिनादेखि कात्तिकसम्मको अवधिमा सबैभन्दा धेरै घरेलुहिंसाका घटना भएको पाइएको हो । कुल निवेदनमध्ये ३२६ वटा मिलापत्र भएको, ६१ वटा अदालती प्रक्रियामा गएको २९९ वटा छलफलका क्रममा रहेको जनाइएको छ । यो अवधिमा प्रदेशको काठमाडौं उपत्यका बाहेक १० जिल्लामा सबैभन्दा धेरै चितवनमा १८७ वटा घरेलुहिंसाको मुद्दा दर्ता भएको छ भने रसुवामा शून्य रहेको छ । यसैगरी, कात्तिकसम्ममा ८१ वटा जबरजस्ती करणीका उजुरी, १७ वटा जबरजस्ती करणी उद्योगसम्बन्धी, २१ वटा बालयौन दुर्ब्यवहार र अप्राकृतिक मैथुनसम्बन्धी, १५ वटा बहुविवाह र एउटा बालविवाहसम्बन्धी उजुरी दर्ता भएको प्रदेश प्रहरी कार्यालय जनाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्धको चार महिनामा २९० मुद्दा दर्ता भएको छ ।

## प्रादेशिक विश्वविद्यालय बालबोध मावि हटियामा

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बागमतीको प्रादेशि विश्वविद्यालयको भवन हटियास्थित बालबोध माविको जग्गामा निर्माण हुने भएको छ । प्रशासनिक भवन निर्माण गर्न जग्गा खोजिरहेको विश्वविद्यालयलाई उपमहानगरले जग्गा उपलब्ध गराउने निर्णय गरेको हो ।

हेटौंडा उपमहानगरको ५७ औं कार्यपालिका बैठकले विश्वविद्यालयलाई बालबोध माविको नाममा दर्ता रहेको कित्ता नं. ५१० को जमिन उपभोग गर्न दिने निर्णय गरेको छ ।

सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रक्रियाको लागि हेटौंडा उपमहानगर-१७ स्थित बालबोध माविको कि.नं. ५१० को जग्गामा विश्वविद्यालयको भवन निर्माणकार्य अगाडि बढाउन सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा जग्गा उपलब्ध गराउने निर्णय भएको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।

यसअघि प्रादेशिक विश्वविद्यालयका लागि हेटौंडा-११ को राप्ती नदीउकास जग्गामा भवन निर्माण गर्ने विषयमा चर्चा चलेको थियो । हेटौंडा-धरान-चतरा सडक, निजगढ-काठमाडौं द्रुतमार्गको पहुँच आदि कुराले हटिया उपयुक्त हुने भएकोले विश्वविद्यालयको भवन निर्माणका लागि उपमहानगरसँग पत्राचार भएको थियो । प्रदेश सरकारको एकल अधिकारको सूचीमा रहेको उच्चशिक्षालाई प्रयोग गर्दै विश्वविद्यालय स्थापनाका लागि प्रदेश सरकारले उच्चशिक्षा ऐन, २०७८ ले गरेको व्यवस्थाअनुसार सार्वजनिक विश्वविद्यालयको सञ्चालन र व्यवस्थापनका लागि तयार गरिएको विधानमा विश्वविद्यालय सभा, विश्वविद्यालय संरक्षक समिति, प्राज्ञिकपरिषद्, कार्यकारीपरिषद् र सेवा आयोग गठनको व्यवस्था गरेको छ ।

गतवर्षको पुसमा बागमती प्रदेश सरकारले हेटौंडास्थित मकवानपुर बहुमुखी क्याम्पसलाई 'बागमती प्रदेश सार्वजनिक विश्वविद्यालय' बनाउने निर्णय गरेको थियो । प्रदेशको केन्द्रीय क्याम्पसको रुपमा मकवानपुर बहुमुखी क्याम्पसलाई विकास गरी प्रादेशिक विश्वविद्यालय बनाउने निर्णय गरेको तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिएका थिए ।

नेपालको संविधान-२०७२ को अनुसूची-६.८ मा प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय गठन, स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था छ । सोही संविधानको जगमा निर्माण भएको 'राष्ट्रिय शिक्षा नीति-२०७६' अनुसार प्रादेशिक विश्वविद्यालय स्थापनाको नीतिगत छलफल अगाडि बढेको थियो ।

यस्तै, सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीतिबमोजिम प्रक्रियाको लागि हेटौंडा-१० मा रहेको खाली जग्गा सम्बन्धित वडा कार्यालयको सिफारिसमा बायोमेडिकल वर्कसपका लागि उपलब्ध गराउने उपमहानगरले निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए । स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश सरकारको च.नं. ३१ को पत्रबाट खोप भन्डारगृह निर्माण र थप औषधि एवम् औषधिजन्य सामग्री भण्डारण तथा प्रादेशिक बायोमेडिकल वर्कसप सञ्चालन गर्नका लागि ३ कठ्ठा जग्गा माग गरेको थियो । उपमहानगरको यो निर्णयले प्रादेशिक बायोमेडिकल वर्कसप हेटौंडा-१० मा संचालन हुने भएको छ ।

हेटौंडा उपमहानगरको चालु आर्थिक वर्ष २०८१/८२ को हिउँदे नगरसभाको १६ औं अधिवेशन आगामी पुस ५ गते शुक्रबारका दिन आह्वान गर्ने निर्णय गरेको पनि प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । उपमहानगरसँग भएको पुरानो बारुणयन्त्र बागमती गाउँपालिका झुरझुरेलाई दिने निर्णय गनि उपमहानगरले गरेको छ । उपमहानगरसँग भएको दमकल १ थान, पिकअप भ्यान १ थान, टाटासुमो १ थान माग गरेकोले सवारीसाधन नियमानुसार बागमती गाउँपालिकालाई नि:शुल्क हस्तान्तरण गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले बताए ।

हेटौंडा उपमहानगर पालिकाबाट जारी भएको कृषिएम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ को व्यवस्था अनुसार हेटौंडा-१३ स्थित आधामार कृषक समूहलाई कृषिएम्बुलेन्स सञ्चालन गर्न दिने निर्णय गरिएको छ । उपमहानगरले खरिद गरेको कृषिएम्बुलेन्स सञ्चालनका लागि प्रस्ताव पेश गर्नका लागि गत कात्तिक २७ मा सूचना प्रकाशित भएको थियो ।

भविष्य कृषि सहकारी संस्था लि. हेटौंडा-१४ र आधामार कृषक समूह हेटौंडा-१३ को दुईवटा प्रस्ताव प्राप्त भएकोमा कार्यविधिको व्यवस्थाबमोजिम गठन भएको पालिकास्तरीय कृषिएम्बुलेन्स सेवा सञ्चालक समितिको निर्णयानुसार आधामार कृषक समूहलाई दिन उपयुक्त देखिएको बताइएको छ ।

## बसामाडीमा नि:शुल्क स्वास्थ्यशिविर



साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-३ बसामाडीमा नि:शुल्क स्वास्थ्यशिविरको आयोजना गरिएको छ । शिविर हेटौंडा जेसीज र टोल विकास संस्था वडा समन्वय समितिले आयोजना गरेको हो ।

शिविरमा ४०४ जनाको आँखा परीक्षण गरिएको थियो । जसमध्ये २७ जनामा मोतिबिन्दुको समस्या देखिएको हेटौंडा जेसीज वर्ष सन् २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिए । उनका अनुसार, उनीहरुको नि:शुल्क शल्यक्रिया गरिनेछ । यस्तै, शिविरमा ७९ जनाले पाठेघर सम्बन्धी परीक्षण गराएका थिए ।

पाठेघरको मुखमा यौनजन्य समस्या देखिएकालाई थप उपचारको लागि सम्बन्धित अस्पतालमा रिफर गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पताल र नेपाल परिवार नियोजन संघले प्राविधिक सहयोग गरेको थियो । शिविरको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिका-३ का वडाध्यक्ष ढलकबहादुर थापा र टोल विकास समितिका अध्यक्ष रोशन गोलेले शिविर संचालन गर्दा ग्रामीण क्षेत्रमा रहेका जनताको स्वास्थ्य सेवामा ठूलो टेवा पुगेको भन्दै आगामी दिनमा पनि यस्ताखाले कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे ।

जेसीजका विराज गौतमले संयोजन गरेको कार्यक्रममा महासचिव पंकजदास बानियाँ, पूर्वअध्यक्षहरु, स्थानीय जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

## वार्षिकोत्सवको अवसरमा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले रक्तदान कार्यक्रमको आयोजना गरेको छ । औद्योगिक व्यवस्थापन कार्यालयले आफ्नो ६२ औं वार्षिकोत्सवको अवसरमा रक्तदानको आयोजना गरेको हो । रक्तदान रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग भएको हो । हेटौंडा औद्योगिक क्षेत्रस्थित कार्यालय परिसरमा भएको कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् । अहिले रगतको माग र वितरण व्यवस्थापन सहज रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए ।


## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८१।०८।२५ गते बसेको सञ्चालक समितिको बैठकले यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पुर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने :**

मिति : २०८१ मंसिर २९ गते शनिबार
समय : बिहान १२:३० बजे
स्थान : रोयल पार्टि प्यालेस, हेटौंडा-४

**छलफलका प्रस्तावहरु :**

१. सञ्चालक समिति, लेखा समिति र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.०८०/८१ को लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व.०८१/८२ को अनुमानित बजेट तथा भावी कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८१/८२ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. संचालक समतिमा रिक्त पदपुर्ति र अनुमोदन सम्बन्धमा ।
६. संस्था एकीकरण सम्बन्धमा ।
७. विनियम संसोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
९. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
१०. कानूनी खर्च सम्बन्धमा ।
११. निष्क्रिय शेयर सदस्य सम्बन्धमा ।
१२. १४ औं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. विविध ।

आशा ढकाल (सचिव)

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा, मकवानपुर । फोनः ०५७-५२३२७०


## बलात्कार मुद्दामा दोषी युवालाई ७ वर्ष कैद

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुर जिल्ला अदालतले छिमेकी महिलालाई बलात्कार गरेको ठहर गर्दै एक युवकलाई ७ वर्ष कैद गर्ने फैसला सुनाएको छ ।

अदालतले युवकलाई ३ लाख रुपैयाँ जरिवाना गर्ने र पीडितलाई १ लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश गरेको छ । जिल्ला अदालत मकवानपुरको न्यायधीश गीता श्रेष्ठको बिहीबारको इजलाशले मकवानपुरगढी घर भएका ३२ वर्षीय युवकले ३५ वर्षीया महिलालाई बलात्कार गरेको ठहर गर्दै यस्तो फैसला सुनाएको हो ।

युवकले महिलालाई जंगलमा घाँस काट्न गएको अवस्थामा २०८० कात्तिक २५ गते बलात्कार गरेका थिए । पीडक युवक २०८० पुसदेखि क्षेत्रीय कारागार भीमफेदमा छन् ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



## हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिब्यधामको निर्माण शुभारम्भ सम्बन्धी जरुरी सूचना

धार्मिक सांस्कृतिक परिवेश झल्कने तिरुपती नगरवस्ती सहितको आन्तरिक र बाह्य धार्मिक पर्यटन क्षेत्रको निर्माणको लागि श्री तिरुपति बालाजी मन्दिर, पन्चमुखि हनुमानको मुर्ति निर्माण कार्यको लागि संस्कृत पाठशाला भवन, घनश्याम वाटिका शिशमहल वृद्धाश्रम, जेष्ठ नागरिक पार्क, तीर्थयात्री निवास, शुभकार्य र पितृकार्य स्थलको निर्माणको लागि र सहिद पार्कदेखि मनकामना सम्म केबुलकार निर्माणको उद्देश्य सहित श्री तिरुपति बालाजी दिव्यधामको बृहत कार्ययोजनाको लक्ष्य पुरा गर्न यहि मिति २०८१ साल मंसिर २२ गते शनिबार बिहान ७:३० बजे बागमती प्रदेशका मुख्यमन्त्री माननीय बहादुर सिंह लामाज्यूको उपस्थितिमा हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिव्यधामको निर्माण शुभारम्भ कार्यक्रममा यहाँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

श्री तिरुपति बालाजी दिव्यधाम

निर्माण शुभारम्भ - मूल समारोह समिति



साझाकुरा

## हाम्रो कुरा

# चुनावी मैदानमा ब्यवसायी

निजी क्षेत्र अर्थात् ब्यवसायिक क्षेत्रको छाता संगठनमा चुनावी गर्मी बढेको छ । आगामी पुसमा हुने मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचनमा उमेद्वारी दिने घोषणा धमाधम भइरहेको छ । मकवानपुर उद्योग वाणिज्य संघको आगामी पुस २४-२७ मा हुन लागेको ५८ औं वार्षिक साधारणसभा तथा निर्वाचनले हेटौंडा बजार तातिएको हो । निर्वाचनमा होमिएको ब्यवसायीले आफ्नो पक्षमा मतदाता रिझाउने क्रम सुरु भएको छ । उद्योगी व्यापारीहरु दुई खेमामा बिभाजन भएर प्रचारबाजी चलिरहेको छ । संघको नयाँ नेतृत्वका लागि वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाटले अध्यक्षमा बुधबार उम्मेदवारी घोषणा गरेका छन् ।

रानाभाटले आफ्नो सम्पर्क कार्यालय उद्घाटन सहित अध्यक्षको उमेद्वारी घोषणा गरेका हुन् । संघको बर्तमान बरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले मंगलबार नै उम्मेदवारी घोषणा गरेका थिए । यो अधिवेशनमा कम्तिमा दुइवटा प्यानलमा चुनाव हुने आंकलन छ । अग्रवालले आफू अध्यक्षमा उम्मेदवारी दिने बताएका छन् । मकवानपुरे उद्योगी, व्यवसायीको छाता संगठनका रुपमा रहेको मउवासंघमा २ हजार भन्दा बढी उद्योगी व्यवसायी सदस्य आवद्ध छन् । संघमा ३ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चुनिन लागेको हो । रानाभाटले आफ्नो उम्मेदवारी घोषणाका साथमा हेटौंडा-२ स्थित पल्पसारोडमा सम्पर्क सचिवालय स्थापना गरेका छन् । उम्मेदवारी घोषणापछि रानाभाटले व्यवसायीको हकहित र आर्थिक विकासका लागि आफूले ठोस काम गरेर देखाउने प्रतिवद्धता जनाएका छन् । उम्मेदवारी घोषणासँगै मउवासंघमा निर्वाचनको सरगर्मी बढेको हो । बर्तमान बरिष्ठ उपाध्यक्ष रहेका अग्रवालले संघको चुनावमा अध्यक्ष पदमा आफ्नो दाबी स्वाभाबिक हुने बताएका छन् । संघमा बिगत १७ वर्षदेखिको बिरासतको अग्निपरीक्षामा अग्रवाल उत्रन लागेका हुन् । अग्रवालको मोर्चामा महासचिव तेजराज अधिकारी, कोषाध्यक्ष माधब ज्ञवाली, वस्तुगत सचिव नेत्रप्रसाद खतिवडा रहेका छन् । रानाभाटले भने आफ्नो मोर्चाको बारेमा खुलाएका छैनन् । बिगतका दिनमा उद्यागी/ब्यापारीको चुनावले बजार राम्रैसँग तात्ने गरेको भएपनि यतिबेला आर्थिक मन्दीका कारण उल्लेख्य चहलपहल नहुने सम्भावना रहेको छ । ब्यावसायिक एजेण्डामा भन्दा पनि खानपिनमा बढी ध्यानाकर्षण हुने गरेको कारण मउवासंघको चुनाव निकै खर्चिलो हुने गरेको थियो ।

दुबै प्यानलका व्यावसायिक उमेद्वार मकवानपुरको बस्तीपुर, हटिया, हर्नामाडी, छतिवनलगायतका बजारका व्यवसायी मतदाता भेटघाट तीब्र पारेका छन् । बस्तुगत संघहरुमा पनि यतिबेला कस्को पक्षमा उभिने ? भन्ने विषयमा छलफल गर्ने क्रम बढेको छ । चरम् आर्थिक मन्दीका कारण ब्यवसायी निराश बनेको समयमा संघको नेतृत्व लिने कुरामा सहजता भने पक्कै छैन । हेटौंडा बजारको २५ मिटर सडक विस्तार, अटोभिलेज, घरबहालकर, अण्डरबिलिङ, हेटौंडा बजारक्षेत्रको पार्किङ, यातायात ब्यवसायीसँगको सम्बन्ध, ब्यवसायीका सबैखाले समस्या, स्थानीय सरकारको दबाव झेल्नुपर्ने अवस्थामा नयाँ नेतृत्वलाई चुनौती देखिएको छ । मकवानपुरमा रहेको संघको पश्चिमी क्षेत्र समिति, थाहानगर उवासंघसँगको सम्बन्ध, व्यवसायीको हकहितका लागि सहकार्य, जिल्लाका अन्य संघसस्थासँगको सकारात्मक सहकार्यमा पनि संघको नयाँ नेतृत्वलाई चुनौती देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २२ गते शनिबार ७ डिसेम्बर २०२४ । षष्ठी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४३, सूर्यास्त ५:०७ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# दक्षिण कोरियामा ६ घण्टा पनि नटिकेको सैनिक शासन



✍ डा. सन्जिब हुमागाईं

दक्षिण कोरियाली राष्ट्रपति युन सक यलले डिसेम्बर ३ तारिख रातको १०:२५ मिनेट जाँदा टिभीमा विशेष प्रत्यक्ष प्रसारण मार्फत सोही दिन रातिको ११ बजेदेखि दक्षिण कोरियाभर सैनिक कानुन लागु हुने घोषणा गरे । यो समाचारले कोरियाली नागरिक मात्रै होइन, संसारलाई नै आश्चर्यमा पार्‍यो । राष्ट्रपति कार्यालयका धेरै वरिष्ठ कर्मचारीहरूले त्यस्तो तयारीकोबारेमा अनविज्ञ रहेको प्रतिक्रिया दिएका थिए । कोरियामा यस्तो कानुन ४४ वर्ष अगाडि अन्तिम पटक लागु भएको थियो ।

मध्यरातमा कोरियाली नागरिकहरू सडकमा उत्रिए । राष्ट्रपतिको घोषणासँगै न्युयोर्क स्टक एक्सचेन्जमा कोरियाली कम्पनीहरूको शेयर निरन्तर ओरालो लाग्यो । कोरियाली मुद्राको मूल्य घट्न सुरु भयो । संसद भवनमा हतियार सहितका सेनाहरू प्रवेश गरे । कोरियाली नागरिकहरूले पनि 'त्रसित' रहेको प्रतिक्रिया दिए । कोरियाका प्रमुख टिभीहरूले पनि यो सैनिक कानुन के हो र यसपश्चात् के हुन्छ भन्ने बारेमा विज्ञहरू मार्फत नागरिकहरूलाई सूचित गरिरहँदा आफूहरू पनि अलमलमा रहेको स्वीकार गरिरहेका थिए ।

किनकी यस्तो अवस्था आउँछ भन्ने कसैले सोचेका पनि थिएनन् । प्रमुख मिडियाका पत्रकारहरूले राष्ट्रपति कार्यालयका उच्च कर्मचारीहरूलाई राष्ट्रपतिको सम्बोधन भन्दा केही समय अगाडिसम्म सम्पर्क गर्दा पनि 'त्यस्तो केही छैन' विचारससिभन्ने उत्तर मात्रै दिएका थिए । कोरियाको प्रमुख समाचार टिभीका समाचार प्रस्तोताले प्रत्यक्ष प्रसारणमा तत्कालीन अवस्थालाई यसरी चित्रित गर्दै भनेका थिए, 'यस्तो घटना चलचित्रमा मात्रै हुन्छ होला भनेको तर अहिले म आफैंले प्रत्यक्ष प्रसारण मार्फत् यहाँहरूलाई समाचारको रूपमा प्रस्तुत गरिरहेको छु ।'

### संवैधानिक आधार

दक्षिण कोरियाको संविधानको धारा ७७ को उपधारा-१ मा राष्ट्रपतिले युद्ध वा सो सरहको राष्ट्रिय आपतकालीन अवस्थामा सैनिक शक्तिको प्रयोगको आवश्यक भएमा वा नागरिकको रक्षाको लागि कानुनमा तोकेबमोजिम सैनिक कानुन लागु गर्न सकिने व्यवस्था रहेको छ ।

उपधारा-३ मा पक्राउ विधि, मिडिया, प्रकाशन, आन्दोलन आदिको बारेमा विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । उपधारा-४ मा त्यस्तो घोषणालाई तत्काल सदनलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । उपधारा-५ मा सदनमा रहेका सांसदमध्ये बहुमत सदस्यले त्यस्तो घोषणालाई खारेजी गर्ने पक्षमा मतदान गरेमा राष्ट्रपतिले खारेज भएको घोषणा गर्नुपर्ने व्यवस्था रहेको छ । मध्यरातको ६ घण्टामा यी सबै उपधाराहरू प्रयोग भए ।

### राष्ट्रपतिको व्याख्या

राष्ट्रपतिले मध्यरातमा टिभी प्रत्यक्ष प्रसारणमा सदन र विपक्षी दलप्रति अत्यन्तै कठोर र निर्मम भाषा प्रयोग गर्दै आफ्नो भनाइ सुरु गरेका थिए । आफू राष्ट्रपति भए पश्चात् २२ पटक आफू अन्तर्गतका कर्मचारीहरू महाअभियोग लगाउने प्रस्ताव पास गरेको, व्यवस्थापिका र कार्यपालिका दुवैलाई पूर्ण रूपमा 'प्यारालाइज' बनाएको आरोप लगाएका थिए ।

साथै, विपक्षी दलले आफूले तर्जुमा गरेको सन् २०२५ को बजेटमा पनि धेरै कटौती गरेको र यसले राज्य सञ्चालनमा ठूलो संकट आएको गुनासो गरेका थिए । उनले अहिलेको सदन अपराधीहरूको भेला बनेको, व्यवस्थापिकाले तानाशाही रूपमा कार्यपालिकालाई प्यारालाइज बनाएको आरोप लगाउँदै स्वतन्त्र कोरियाको पुनर्निर्माणको लागि यो कानुन लागु गरेको बताएका थिए ।

राष्ट्रपतिले त्यस्ता सबै व्यक्तिहरूलाई अराष्ट्रिय तत्व रहेको र उनीहरूलाई नियन्त्रण गर्दा मात्रै स्वतन्त्र कोरियालाई जोगाउन सकिने बताएका थिए । दक्षिण कोरिया विगत केही महिनादेखि दुई राजनीतिक मुद्दाहरूका कारण धेरै तातेको थियो । विपक्षी दल मात्रै होइन, सत्ता पक्षका पार्टी प्रमुख लगायत धेरैले फर्स्ट लेडीलाई लागेका आरोपहरूको बारेमा निष्पक्ष अनुसन्धान हुनुपर्ने र अनुसन्धान अवधिभर निष्क्रिय रहनुपर्ने मागहरू जोडदार रूपमा उठाएका थिए । त्यसैगरी सत्ता पक्षका नेताहरूले विपक्षी पार्टीका प्रमुखमाथि पनि अदालतमा धेरै मुद्दाहरू रहेको र उनी सो पदमा बस्न योग्य नरहेको आरोप लगाउँदै आएका थिए । आफू र आफ्नो परिवारको बारेमा धेरै आरोप लागेपश्चात् राष्ट्रपतिले नोभेम्बर ७ मा विशेष पत्रकार सम्मेलन गर्दै जनतासँग माफी पनि मागेका थिए ।

### घोषणापश्चात् राष्ट्रपति र सेनाले के गरे ?

राष्ट्रपतिले सैनिक कानुन लागू गरे लगत्तै घोषणालाई लागू गराउने सैन्य अधिकार नियुक्त गरेका थिए । नियुक्त सैन्य अधिकारीले रातको ११ बजे छ बुँदे आदेश घोषणा गरेका थिए । जसमा केन्द्रीय सदन, प्रान्तको सभा र राजनीतिक दलका गतिविधिलाई पूर्ण रूपमा बन्देज लगाउने, मिडियालाई नियन्त्रण गर्ने, सामाजिक गतिविधिलाई असर गर्ने भेला वा आन्दोलनलाई बन्देज लगाउने, आन्दोलनमा रहेका डाक्टरहरूलाई ४८ घण्टाभित्र अस्पतालमा फिर्ता हुनआदेश दिइएको थियो । साथै, जो कोहीलाई पनि खानतलासी गर्न सक्ने र पक्राउ पुर्जी बिना नै पक्राउ गर्न सक्ने विषय उल्लेखत थियो ।

राष्ट्रपतिको घोषणा पश्चात सांसदहरू सदनमा भेला हुन सुरु गरेका थिए । सेनाका तीन वटा हेलिकोप्टरमा सेनालाई ओसार्दै थियो र कुल २४ पटक सेनालाई ओसारेको थियो । उनीहरूलाई पत्रकार र सांसदका सचिवालय सदस्यले रोक्न खोज्दा सिसा तोड्दै सदनभित्र प्रवेश गरेको थियो । त्यसको संसारभर प्रत्यक्ष प्रसारण पनि भएको थियो ।

### राजनीतिक प्रतिक्रिया

राष्ट्रपतिले घोषणा जारी गरे पश्चात् सत्ता पक्ष र विपक्षी दलका प्रमुखले त्यसप्रति खेद प्रकट गर्दै विरोध गरेका थिए । राजधानी सौलमा उपलब्ध सांसदहरू एक-दुई गर्दै सदनमा उपस्थित भए । रात (बिहान) को २:११ मा कूल ३०० मध्ये सदनमा उपस्थित १९० सांसदहरू सबैले राष्ट्रपतिको घोषणाको विपक्षमा मतदान गरे र सभामुखले सो घोषणाको विपक्षमा मतदान जानकारी गराए । साथै, उनले आफ्नो स्थानबाटै संसद भवन प्रवेश गरेका हतियारसहितका सेनालाई भवनबाहिर जान पनि निर्देशन दिएका थिए । साथै उनले नागरिकसँग मिलेर 'लोकतन्त्र' को रक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सदनले राष्ट्रपतिको घोषणालाई अस्वीकार गरेको घोषणा गरेको २ घण्टा पश्चात अर्थात् बिहानको साढे चार बजे सदनको राय स्वीकार गर्दै टिभीको पर्दामा आएर आफ्नो घोषणा फिर्ता लिएको घोषणा गरेका थिए । साथै सेना पनि फिर्ता भएको घोषणा गरेका थिए ।

### अब नजर "महाअभियोग" तिर

सदनमा बहुमतमा रहेको विपक्षी दल लगायत ६ विपक्षी दलहरूले राष्ट्रपतिलाई हटाउन सडक र सदन संघर्ष घोषणा गरेका छन् । विपक्षी दलहरूले डिसेम्बर ४ दिनको साढे २ बजे महाअभियोग प्रस्ताव दर्ता गराएका छन् । यसको बारेमा मतदान ६ वा ७ डिसेम्बरमा मतदान हुने देखिएको छ । महाअभियोग सदनबाट पास हुन दुई तिहाइ सांसदको समर्थन आवश्यक हुन्छ । त्यसको लागि सत्ता पक्षका १८ सांसदको समर्थन आवश्यक हुन्छ । सत्ताधारी दलका सांसद र राष्ट्रपतिबीच कस्तो संवाद हुन्छ र कस्तो निष्कर्षमा पुग्छ भन्नेमा सबैको ध्यान केन्द्रित छ ।

*(साभार: अनलाइनखबर)*

# हिमाली क्षेत्रमा जाँदा लेक लाग्ने समस्या र बच्ने उपाय

✍ निनाम लोवात्ती

लेक लागेको बिरामीलाई उत्तानो पारेर सुताउनुपर्छ । त्यसपछि 'ग्यामो ब्याग' प्रयोग गर्नुपर्छ । यसो गर्नाले भित्र प्रेसर गई बिरामीलाई अक्सिजन पूर्ति हुन्छ र भित्र रहेको कार्बनडाइअक्साइड बाहिर जान्छ । सिकिस्त बिरामीलाई ५-६ सेकेन्डको अन्तरमा पम्प गरिरहनुपर्छ । एकजनाले चाहिँ बिरामीले बोल्न सक्छ कि सक्दैन भनेर हेर्दै गर्नुपर्छ ।

अहिलेको जमानामा विदेशीहरु मात्रै नेपलमा पदयात्रा गर्न आउने नभएर नेपाली युवा पुस्ताहरु पनि देशको विभिन्न क्षेत्रमा पदयात्रा गर्न जान थालेका छन्, जुन आर्थिकलगायत धेरै कोणबाट हेर्दा उपयोगी मानिन्छ । खास गरीकन चाडबाडका अवसरमा हुने लामो छुट्टी अर्थात् बिदामा नेपाली युवा पुस्ता स्वदेश तथा विदेशमा घुम्न जाने क्रम बढिरहेको छ ।

हिन्दु धर्मावलम्बीहरुले मान्ने चाडपर्वमध्ये दशैं-तिहारको अवसरमा सरकारले दिने लामो बिदालाई सदुपयोग गर्न नेपालका युवायुवतीहरु स्वदेश तथा विदेशमा घुम्न जाने क्रम बढेको छ । जबकि अलि अघिका पुस्ताका मानिसचाहिँ घरै बसेर रमाइलो गर्ने, मासुभात खाने, जुवा-तास, लङ्गुर-बुर्जा, तेलकासा आदि खेल्ने, जाँड-रक्सी पिउने, आफन्तकहाँ आशिष लिन जने गर्थे । तर, अहिले त जमाना फेरि एको छ । त्यसैले लामो बिदा मिल्यो कि नयाँ पुस्ताका मानिसहरु स्वदेश तथा विदेशमा घुम्न जान रुचाउँछन् ।

यसै क्रममा यस लेखमा नेपालमा रहेका उच्च हिमाली क्षेत्रमा ट्रेकिङ गर्न जाने ट्रेकर्सहरुलाई लक्षित गरेर केही जानकारीमूलक, सूचनामूलक अनुभवहरु सँगालेर प्रस्तुत गर्दछु । किनभने, पछिल्लोपटक अधिकांश नेपाली युवायुवती मध्यम, उच्चमध्यम र उच्च हिमाली क्षेत्रमा पदयात्रा गर्न जाने क्रम बढेको छ । यसरी उच्च हिमाली क्षेत्रमा पयदयात्रा गर्न जाने क्रममा ज्यान गुमाउने पदयात्रीहरुको संख्यामा वृद्धि भइरहेको भन्ने समाचारहरु पनि पछिल्लोपटक मिडियामा आइरहेको देखिन्छ ।

नेपालमा रहेका उच्च हिमाली क्षेत्रमा ट्रेकिङ गर्न जाने ट्रेकर्सहरुमध्ये बर्सेनि कोही न कोहीले आफ्नो अमूल्य जीवन गुमाइरहेका छन् । केही समयअघि राष्ट्रिय समाचार समिति (रासस) लाई उद्धृत गर्दै नेपालका प्राय: सबै मिडियाहरुमा आएको समाचारअनुसार आर्थिक वर्ष २०८०/०८१ मा गण्डकी र धवलागिरि अञ्चलमा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रमा ट्रेकिङ (पदयात्रा) गर्न जाने पदयात्रीमध्ये अस्थायी रोग 'लेक' लागेर (हाई अल्टिच्युड सिकनेसले) विभिन्न देशका २१ जनाले आफ्नो अमूल्य जीवन गुमाएका छन् ।

आ.व. २०८०/०८१ मा अन्नपूर्ण क्षेत्रमा ट्रेकिङ गर्न जाँदा लेक लागेर आफ्नो अमूल्य जीवन गुमाउनेहरुमा ११ जना भारतीय, ६ जना नेपाली, मलेसियन २ जना र युक्रेनी तथा बेलायती १-१ जना ट्रेकर्स रहेका छन् । अन्नपूर्ण क्षेत्रमा ट्रेकिङ जाने क्रममा लेक लागेर जीवन गुमाउनेहरुमा बढीजसो थोरोङ-ला (थोराङ डाँडो) पास गर्ने क्रममा परेका छन् ।

हुन पनि जब ट्रेकर्सहरु ३ हजार मिटरको उचाइमा पुग्छन्, तब उनीहरुमा लेक लाग्ने (हाई एल्टिच्युड सिकनेस) लक्षणहरु देखा पर्न थाल्छन् । खासमा यो रोग अस्थायी रोग हो भने यो रोग सबैलाई नलागेर कसै-कसैलाई मात्रै लाग्छ । स्मरणीय के छ भने, यो रोगले च्याप्दाच्याप्दै रोगीले ढाँटेर वा अटेर जबरजस्ती अझ माथि जान खोजेमा त्यो व्यक्तिको मृत्यु पनि हुन सक्छ । त्यसैले पर्वतारोहण वा पदयात्रा क्षेत्रमा ३ हजार मिटरभन्दा माथि पुगेपछि एक दिनमा ३००-३५० मिटरभन्दा माथि क्याम्प गर्नुहुँदैन वा बास बस्नुहुँदैन भन्ने मान्यता रहेको छ । किनभने जति उचाइमा गयो उति अक्सिजनको मात्रा कम हुँदै जाने हुन्छ । त्यस्तै न्यानो कपडाको अभाव, पानी कम पिउनु, कमसल खाना खानु, शारीरिक कमजोरी आदिका कारणले पनि पदयात्रीहरु बिरामी पर्न सक्ने सम्भावना रहन्छ । समुद्र सतहमा शतप्रतिशत अक्सिजन पाइन्छ भने जति माथि गयो, उति अक्सिजनको मात्रा घट्दै जान्छ ।

'हाई अल्टिच्युड सिकनेस'बाट बच्नलाई यो रोगका लक्षण देखा पर्नासाथ बच्ने उपाय गरिहाल्नुपर्छ । यो रोगको लक्षणहरुमा वाकवाक लाग्नु, टाउको दुख्नु, थकाइको अनुभव गर्नु, हिँड्दाहिँड्दै निद्रा लाग्नु, एक वस्तुलाई दुई वा त्योभन्दा बढी देख्नु (डबल भिजन), हिँड्दा खुट्टाले ठीक ठाउँमा टेक्न नसक्नु, जाँडले मातेर लड्खडाउँदै हिँडेजस्तो हिँड्नु आदि हुन् । यस्ता स्वास्थ्य समस्याबाट बच्न सर्वप्रथम न्यानो लुगा लगाउने, पानी प्रशस्त पिउने, बिस्तारै हिँड्ने, भेटेसम्म तातो झोल पदार्थ धेरै खाने गर्नुपर्छ । चुरोटको धुवाँ तथा गन्धले पनि धेरै असर गर्ने भएकोले चुरोट नखानु र यसको गन्धबाट बच्नुपर्छ ।

हिमाली क्षेत्रमा जाँदा कसै-कसैलाई दिमागमा पानी जम्ने हाई अल्टिच्युड सेरेब्रल एडमा 'हेस' र फोक्सोमा पानी जम्ने हाई अल्टिच्युड पुल्मोनरी एडमा 'हेप'को समस्या देखिन सक्छ । 'हेस'को लक्षणहरुमा खप्नै नसक्ने गरी टाउको दुख्नु, बान्ता हुनु, जीउ सन्तुलित नहुनु, दिमागले ठीक ढंगले काम नगर्नु, एक वस्तुलाई एकभन्दा बढी देख्नु, बेहोस हुनु आदि हुन् भने 'हेप'को लक्षणहरुमा आराम गरेको बेलामा पनि श्वास बढ्नु, बेस्सरी खोकी लाग्नु, खोक्दा दिमाग नै थर्केजस्तो महसुस गर्नु, छातीमा घ्यारघ्यार आवाज आउनु, शरीर सुन्निनु, हातखुट्टाका औँला र नङमा नीलोपना देखिनु आदि हुन् । त्यस्तै अत्यधिक चिसोले कठ्याङ्ग्रिनु, स्नो ब्लाइन्डनेस (आँखा नदेख्नु), हिउँले आँखा खानु, बान्ता हुनु, झाडापखाला लाग्नु, आकस्मिकरुपमा चोटपटक लाग्नु आदि अरु स्वास्थ्य समस्या हुन् ।

उल्लिखित रोगमध्ये 'हेस'को रोकथामका लागि बिरामी कम उचाइमा झर्नुपर्छ र पोर्टेबल च्याम्बर, बिरामीलाई भित्र हालेर पम्प गर्ने स्पेसल ब्याग (ग्यामो ब्याक) मा राखेर पम्प गर्नुपर्छ । यसरी पम्प गर्दा बिरामी बिस्तारै सुधारमा आउँछ । साथै बिरामीलाई आवश्यक औषधि पनि खान दिनुपर्छ । बिरामी बेहोस छ भने इन्जेक्सन पनि लगाउन सकिन्छ । त्यस्तै 'हेप'को रोकथामको लागि पनि बिरामी कम उचाइमा झर्नु नै उत्तम मानिन्छ । जे होस्, लेक लागेको बिरामीलाई उत्तानो पारेर सुताउनुपर्छ । त्यसपछि 'ग्यामो ब्याग' प्रयोग गर्नुपर्छ ।

यसो गर्नाले भित्र प्रेसर गई बिरामीलाई अक्सिजन पूर्ति हुन्छ र भित्र रहेको कार्बनडाइअक्साइड बाहिर जान्छ । सिकिस्त बिरामीलाई ५-६ सेकेन्डको अन्तरमा पम्प गरि रहनुपर्छ । एकजनाले चाहिँ बिरामीले बोल्न सक्छ कि सक्दैन भनेर हेर्दै गर्नुपर्छ । बिरामीले अवस्था हेरी १५-२० मिनेटमा नै बोल्न, हाँस्न थाल्छ । सिकिस्त बिरामी भए ३-४ घण्टा पनि लाग्न सक्छ । त्यसपछि बिरामीलाई जति सक्दो तल (कम उचाइमा) झार्नुपर्छ । बिरामीलाई आराम गराउने, पानी प्रशस्त (दैनिक ४-५ लिटर) खुवाउनुपर्छ । पानी खान नमानेमा झोल खानेकुरा प्रशस्त दिनुपर्छ । चिसोबाट बच्न न्यानो कपडा लगाउन दिनुपर्छ ।

नेपालमा हरेक वर्षको जनै पूर्णिमालगायत अन्य पर्वहरुमा दामोदर कुण्ड, मुक्तिनाथ (मुस्ताङ), गोसाइँकुण्ड (रसुवा), दूधकुण्ड (सोलुखुम्बु), पाँचपोखरी (सिन्धुपाल्चोक), सभापोखरी (संखुवासभा), फक्ताङलुङ, पाथीभरा (ताप्लेजुङ) आदि क्षेत्रमा धार्मिक उद्देश्यले तीर्थयात्रीहरु भ्रमण गर्न जाने गरेका छन् । ती धार्मिक स्थलहरु नेपालको उच्च हिमाली क्षेत्रमा अवस्थित छन् । यसरी विगतमा हिमाली क्षेत्रमा रहेका तीर्थस्थलहरुमा धार्मिक उद्देश्य बोकेर जाने कतिपय तीर्थयात्रीहरु प्राय: न्यानो कपडा, तागतिलो खाना, प्रशस्त पानी र सुरक्षित बासस्थानको अभावमा अनेकौं सास्ती खेपिरहेका हुन्थे । हुन पनि हिन्दु धर्मावलम्बीहरु पवित्र तीर्थस्थल जाँदा खाली खुट्टा जानुपर्छ मान्यताले खाली खुट्टा नै हिँड्थे, अधिकांश तीर्थयात्रीले आङमा लगाउने लुगा र राति ओढ्ने लुगासमेत न्यानो र भरपर्दो बोक्दैनथे ।

उनीहरुले तागतिलो खानाको व्यवस्था गर्ने त टाढाको कुरो भयो । अहिले चाहिँ मानिसमा आएको चेतनासँगै दुखाइ कम गर्ने, घाउ सफा गर्ने, कीटाणु मार्ने औषधि, त्यस्तै चर्को घामबाट बच्न सन क्रिम, लोसन आदिका साथै चोटपटक लागेमा प्राथमिक उपचार गर्न चाहिने मलहम पट्टी, टेप, प्लास्टर, कपास, कैंची, चिम्टा, ज्वरो नाप्ने डिग्री, सियो, धागो, मेडिकल ग्लोब, सिटामोल, डायमक्स साथै बोकेर जाने गरेका छन् ।

आजभोलि लामो बिदाको सदुपयोग गर्न स्वदेशका विभिन्न ठाउँमा घुम्न निक्लने नेपालीहरु धेरै हुने गर्छन् । उच्च हिमाली क्षेत्रमा बिदा मनाउनका लागि घुम्न जाने पदयात्रीहरुले यात्राका क्रममा आफूलाई चाहिने सामान बोक्नै पर्छ । जस्तो- न्यानो कपडा, औषधिहरुमा दुखाइ कम गर्ने, घाउ सफा गर्ने, कीटाणु मार्ने, त्यस्तै गरेर चर्को घामबाट बच्न सन क्रिम, लोसन आदिका साथै चोटपटक लागेमा प्राथमिक उपचार गर्न चाहिने मलहम पट्टी, टेप, प्लास्टर, कपास, कैंची, चिम्टा, ज्वरो नाप्ने डिग्री, सियो, धागो, मेडिकल ग्लोब, सिटामोल, डायमक्स साथमा बोक्नु राम्रो हुन्छ । एवम् रीतले यात्राका क्रममा तागतिलो खाना, प्रशस्त पानी र सुरक्षित बासस्थानका लागि ध्यान दिनु पनि उत्तम हुन्छ ।

*(स्रोत: न्यूज अफ नेपाल)*

नेपाल प्रिमियर लिग

# लगातार तीन खेल जितेर लयमा जनकपुर बोल्ट्स, के हो सफलताको राज ?




काठमाडौं/तीन खेल, तीन जित, अपराजित अनि ६ अंकसहित अंकतालिकाको शीर्ष स्थानमा । जनकपुर बोल्ट्सको नेपाल प्रिमियर लिग (एनपीएल)मा अहिलेसम्मको खेलको र नतिजाको विवरण हो यो । जनकपुरले खेलेको तीनवटै खेलमा एकपक्षीय रूपमै जित हासिल गर्दै लय कायम राखेको छ । उद्घाटन खेलमै विराटनगरलाई ८ विकेटले पराजित गर्दै सुखद सुरूवात गरको जनकपुरले त्यसलाई तेस्रो खेलसम्म कायम राखेको छ ।

दोस्रो खेलमा पनि कर्णाली याक्सलाई ८ विकेटले नै पराजित गरेको जनकपुरले बिहीबार तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई ७ विकेटले हरायो । जनकपुरले बलिङमा राम्रो प्रदर्शन गरिरहेको छ भने ब्याटिङमा ओपनर र टप अर्डरले राम्रो खेल्दा जित सहज बनिरहेको छ ।

आसिफ शेख मार्की खेलाडी रहेको जनकपुरको कप्तानी अनिल शाहले गरिरहेका छन् । मुख्य प्रशिक्षकमा राष्ट्रिय टिमका पूर्व प्रशिक्षक पुबुदु दासानायके छन् । सिनियर टिमसँग सँगै खेलिरहेका अनिल र आसिफसहित स्पीनर ललित राजवंशी अनी अष्ट्रेलियाबाट एनपीएल खेल्न आएका मिडियम पेसर किशोर महतोले राम्रो खेलिरहेका छन् ।

त्यसबाहेक विकेटकिपर ब्याटर लाहिरु मिलान्थाले विकेट र टप अर्डर सम्हालिरहेका छन् भने मिडल अर्डरमा पनि विदेशी खेलाडीहरु हर्श थाकर देखि टेष्ट राष्ट्रिय न्युजिल्यण्डका चर्चित अलराउण्डर जिम्मी नीशमले योगदान गरिरहेका छन् । यस बाहेक अर्का विदेशी खेलाडी मोहम्मद मोहसिनले स्पीनमा ललितलाई राम्रो साथ दिएका छन् । समग्रमा टिम इफोर्ट राम्रो देखिएको छ । लिग अघि ठिकठाक टिम देखिएपनि अहिलेसम्म जनकपुरले सबैलाई पछि पारेको छ । जनकपुरबाहेक सुदूरपश्चिम रोएल्स र चितवन राइनोजले पनि लगातार दुई खेल जितेर अपराजित छन् ।

लगातार तेस्रो खेल जितेपछि पोष्ट म्याच कन्फ्रेन्समा आएका जनकपुरका बलर ललित राजवंशीले टिममा सबै जना एक आपसमा घुलमिल हुने र सबैले मोटिभेट गरेकोले राम्रो नतिजा आएको बताए । 'सबै युवा छन् । मैदान भित्र र बाहिर पनि सहयोग गरिरहेकोको हुन्छ । विदेशी खेलाडीले पनि एक अर्कालाई मोटिभेट गरिरहेको छ । त्यसले गर्दा पनि नतिजाहरू राम्रो आइराछ' उनले भने ।

यस्तै प्रशिक्षक पुबुदु दासानायकेले पहिले पनि नेपालमा काम गरिसकेको र उनलाई टिमको विदेशी र स्वदेशी सबै खेलाडीबारे जानकारी रहेकोले फाइदा भएको ललितले बताए । 'पुबुदले पहिला पनि हामीसँग काम गरिसक्नुभाछ । उहाँलाई विदेशीदेखि नेपालको लगभग सबै खेलको बारेमा नलेज छ । र उहाँले त्यही अनुसार योजना बनाउनु हुन्छ । त्यसले गर्दा हामीलाई सजिलो हुन्छ ।' सफलताको अर्को कारण ललितले खुलाए । जनकपुरका कप्तान अनिल शाहले बिहानको कन्डिसनमा टस जित्नु महत्वपूर्ण रहेको बताए । अनिलले नेपाली खेलाडी र विदेशीहरू सबैले राम्रो प्रदर्शन गरि रहेको बताए ।

**नीशमको अलराउण्ड प्रदर्शन**

न्युजिल्याण्डका चर्चित अलराउण्डर नीशमले काठमाडौं आएपछि खेलेका दुवै खेलमा राम्रो प्रदर्शन गरेका छन् । ब्याटिङ र बलिङ दुवैमा उनको उत्तिकै योगदान छ । बिहीबार पोखरा विरूद्ध उनै नीशमले बल र ब्याट दुवैमा उत्कृष्ट प्रदर्शन गर्द जनकपुरलाई जित दिलाउन सहयोग गरे ।

पाचौं नम्बरमा आएका नीशमले आफ्नो नाम अनुसार काम गरे । उनले २० बल खेल्दै अविजित ४० रन बनाए । त्यमसा ५ छक्का प्रहार गरे । उनले तेस्रो विकेटका लागि हर्श थाकरसँग अविजित ४९ रनको साझेदारी गरे । चौथो नम्बर मा आएका हर्शले १४ बलमा अविजित १३ रन जोडे । यसअघि कर्णाली विरुद्ध दोस्रो खेलमा नीशम चौथो नम्बरमा आएर अविजित १६ रनको योगदान गरेका थिए । जहाँ हर्शले ब्यटिङ नै गर्नुपरेन । पोखरा विरुद्ध भने फेरि हर्श चौथो नम्बरमा आउँदा नीशम पाँचौ नम्बरमा क्रिजमा आए ।

त्यसअघि पोखराविरुद्ध बलिङमा पनि नीशमले चार ओभर कोटा नै गरेका थिए । किशोर महतोसँगै नयाँ बल बलिङ गरेका उनले ४ ओभरमा २९ रन खर्चेर २ विकेट लिए । अघिल्लो खेलमा कर्णाली विरुद्ध पनि ४ ओभर बलिङ गर्दा उनले १ विकेट लिएका थिए भने ३७ रन खर्चेका थिए ।

भारतीय स्टार शीखर भवन देखि न्युजिल्याण्डकै मार्टिन गप्टिल पाकिस्तानका भेट्रान सोहेल तनविर जस्ता खेलाडीहरू नेपाल आएर एनपीएल खेलिरहेका छन् । बलिङमा तनविरले जादु देखाइरहेका छन् । यसैगरी नीशमले अलराउण्डर प्रदर्शन गरिरहेका छन् । त्यसैको नतिजा उनी पोखरा विरुद्ध बिहीआर प्लेअर अफ दि म्याच नै बने । तनविर र नीशम बाहेक अन्य केही विदेशी स्टारले पनि राम्रो खेलिरहेका छन् । टेष्ट बाहेक एसोसिएट राष्ट्र स्कटल्याण्डका अलराउण्डर ब्राण्डन म्याकमुलेन पनि सुदूरपश्चिमका लागि राम्रो योगदान गरिरहेका छन् ।

**अगाडि मिलान्था र ललित**

जनकपुर टिम मात्रै अंकतालिकामा शीर्ष स्थानमा छैन उसका खेलाडीहरूले पनि उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । खेलाडी, कोचिङ स्टाफ देखि टिम म्यानेजमेन्ट सबैले एकजुट भएर 'टिम वर्क' मा गर्दा जनकपुरले राम्रो नतिजा निकालिरहेको छ ।

जनकपुरका ओपनर ब्याटर तथा विकेटकिपर लाहिरु मिलान्था सर्वाधिक रन बनाउनेमा अगाडि छन् । उनले ३ खेलमा एक अर्धशतकसहित १४४ रन बनाइसकेका छन् । पहिलो खेलमै विराटनगर विरुद्ध अविजित ७५ रन बनाएर प्लेअर अफ दि म्याच बनेका उनले दोस्रो र तेस्रो खेलमा पनि राम्रो प्रदर्शन गरे । दोस्रो खेलमा कर्णाली विरुद्ध २४ रन बनाएका उनले तस्रो खेलमा पनि टिमका लागि सर्वाधिक ४५ रन बनाए । तर अर्शधतक बनाउनबाट भने थोरैले चुके ।

मिलान्था तेस्रो खेलमा माइकल लिस्कको बलमा सागर ढकाबाट क्याचआउट भएका थिए । यसबाहेक जनकपुरका कप्तान अनिल शाहले पनि अर्धशतक प्रहार गरेका छन् । अनिलले ३ खेलमा ६८ रन बनाएका छन् । आसिफ शेखले ६९ रन बनाएका छन् । आसिफको उच्चको स्कोर ३६ रन हो । जुन उनले दोस्रो खेलमा कर्णाली विरुद्ध बनाएका थिए । पहिलो खेलमा शुन्यमा आउट भए आसिफले तेस्रो खेलमा पोखरा विरुद्ध ३३ रन जोडेका थिए ।

यस्तै बलिङतर्फ ललित राजवंशीले ३ खेलमा ७ विकेट लिएका छन् । हरेक खेलमा ललितले महत्वपूर्ण विकेट लिँदै आएका छन् । ललितले पहिलो खेलम विराटनगर विरुद्ध ३ विकेट लिएका थिए भने तेस्रो खेलमा पोखरा विरुद्ध पनि ३ विकेट नै लिए । दोस्रो खेलमा कर्णाद्यी विरुद्ध भने १ विकेट लिएका थिए ।

सर्वाधिक विकेट लिने सूचीमा ललित चितवन राइनोजमा भेट्रान लेफ्ट आर्म मिडियम पेसर सोहेल तनविर भन्दा १ विकेटले मात्र पछि छन् । तनविरले दुई खेलमा ८ विकेट लिइसकेका छन् । उनी एनपीएलमा एकै खेलमा ५ विकेट लिने पहिलो बलर समेत हुन् । तनविरले एक खेल कम खेलेका छन् ।

अब ललितको नजर आफ्नो टिमलाई जिताउने अनी व्यक्तिगत रूपमा पनि सर्वाधिक विकेट लिनेमा छ । तर उनले टिमको प्रदर्शनलाई जोड दिने बताएका छन् । 'विश्वास छ, उच्च विकेटकर्ताको सूचीमा हुन्छु भनेर । तर, आगामी खेल कस्तो हुन्छ त्यसमा भर पर्नेछ ।' यस्तै जनकपुरका अन्य बलरहरूमा मोहम्मद मोहसिनले ४ तथा किशोर महतो र जिम्मी नीशमले समान ३ विकेट लिएका छन् ।

जनकपुरले अब आउने आइतबार राष्ट्रिय टिमका कप्तान रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनी लायन्ससँग आफ्नो चौथो खेल खेल्नेछ । त्यसपछि बुधबार सुदूरपश्चिम रोएल्स र बिहीबार काठमान्डु गुर्खाजसँग प्रतिस्पर्धा गर्नेछ भने र अर्को साता शनिवार चितवन राइनोजसँग लिगको अन्तिम खेल खेल्नेछ ।

*(स्रोतः अनलाइनखबर)*

# एसिया कपबाट फर्किएको भोलिपल्टै पाँच विकेट लिएर सनसनी !

काठमाडौं/एनपीएल टिम सुदूरपश्चिम रोयल्सका बलर नरेन साउद एक दिनअघिसम्म यूएईमा थिए । एसिसी यू-१९ एसिया कप खेल्न यूएईमा रहेका उनी नेपाल समूह चरणबाटै बाहिरिएपछि टिमसँगै फर्कदै थिए ।

सुदूरपश्चिमले बिहीबार एनपीएलको आफ्नो दोस्रो खेलमा काठमाण्डु गुर्खाजसँग खेल्ने तालिका थियो । त्यसका लागि उनी यूएईबाट फर्किएर खेल्ने/नखेल्ने बारेमा पक्का थिएन । अघिल्लो साँझ मात्र एसिया कपबाट फर्किएका उनलाई आज आराम दिइनेछ भन्ने धेरैको अनुमान थियो । तर नरेनलाई काठमाण्डुसँगको खेलमा पहिलो रोजाईमा खेलाइयो ।

त्यति मात्र नभएर उनले ४ ओभरकै बलिङ पाए र त्योभन्दा पनि ठुलो कुरा उनले पहिलो खेलमा नै ५ विकेट लिए । सो क्रममा उनले जेरार्ड एरास्मस र सेट ब्याटर स्टेफन एस्किनाजी सहित आक्रामक फिनिसर करण केसीको समेत विकेट लिएका थिए ।

एनपीएलमा पाँच विकेट लिने उनी दोस्रो बलर हुन् । यसअघि काठमाण्डुसँगकै खेलमा चितवन राइनोजका बलर सोहेल तनविरले ५ विकेट लिएका थिए । एनपीएलको डेब्यूमै ५ विकेट लिएका नरेन म्यान अफरु दि म्याच समेत भए । नेपाल फर्किएको भोलिपल्टै मैदानमा उत्रिएका बाँयाहाते स्पीन बलर नरेनले भने आफू आजको खेलमा खेल्छु नै जस्तो लागेको बताए । 'मलाई त लागेको थियो आज मलाई पक्कै खेलाउनुहुन्छ भनेर । अझ म त म्यान अफरु दि म्याच हुने गरेर नै प्रदर्शन गर्छु भन्ने सोचमा नै थिएँ', उनले खेलपछि कुरा गर्दै भनेका थिए ।

आजको खेलमा नरेनलाई कप्तान दिपेन्द्र सिंह ऐरीले छैटौं ओभरमा बलिङमा ल्याएका थिए । उनले सुरूआती ओभरमा दुई चौका व्यहोरेका थिए । तर दिपेन्द्रले उनलाई फेरि आठौं रुओभर दिए । सोही ओभरमा उनलाई छक्का प्रहार गरेका जेरार्ड एरास्मसलाई लगत्तै अर्को बलमा एलबीडब्लु आउट पार्दै उनले एनपीएलमा पहिलो विकेट लिए । एरासमसलाई आउट गरेपछि उनले जोडदार सेलेब्रेसन समेत गरेका थिए ।

त्यसपछि उनलाई १४औं ओभर दिइयो । यस ओभरमा उनले पहिलो बलमै क्रिजमा टिकिरहेका स्टेफेन एस्किनाजीको विकेट लिए । एस्किनाजी सेट ब्याटर थिए र काठमाण्डुको जितको आशा बनेर खेलिरहेका थिए । तर अफमा ग्यापमा खेल्ने धुनमा उनी क्याचआउट भए । यही ओभरमा उनले राशिद खानको विकेट पनि लिए । लगातार डट बल खेलेपछि दबाबमा आएका राशिदले लङ्गअन माथिबाट प्रहार गर्न खोजेको बल रोहन मुस्तफाको हातमा गएको थियो ।

नरेनले एकै ओभरमा दुई विकेट लिएपछि काठमाण्डु हारतर्फ उन्मुख भइरहेको थियो । उनलाई १६औं ओभर दिए दीपेन्द्रले । काठमाण्डु ९२-८ को अवस्थामा थियो । १६औं ओभरको पहिलो बलमा उनले करण केसीलाई आउट गरे । ठुलो शट खेल्ने क्रममा करणले पनि विकेट गुमाए ।

त्यसपछि शाहब आलमलाई पनि क्याचआउट गराउँदै नरेनले ५ विकेट पूरा गर्दै सुदूरपश्चिमलाई खेल नै जिताए । यही प्रदर्शनले उनलाई म्यान अफ दि म्याचको अवार्ड पनि दिलायो । 'सुरूमा दुई चौका खाएपनि दिपेन्द्र दाईले ओभरको बीचमा आएर सम्झाइराखनुभएको थियो, मोटिभेट गरिरहनुभएको थियो । तिमी लायनमा फालिराख विकेट आउँछ भन्नुभएको थियो । राम्रो पनि भयो' खेलपछिको पत्रकार सम्मेलनमा उनले भने, 'मेरो लागि यो लिगमा खेल्न पाउनु एकदमै ठुलो कुरा हो । त्यसमाथि पनि दिपी दाई र जगत गुरूले धेरै मोटिभेट गरिराख्नु भएको थियो, धेरै नै खुसी छु।'

धनगढीका १८ वर्षीय नरेनको यो एनपीएलको डेब्यू खेल भएपनि उनले सुदूरपश्चिमको घरेलु टोलीबाट भने खेल्दै आएका छन् । नेपालका पूर्वप्रशिक्षक र हिसकेका सुदूरपश्चिम टिमका प्रशिक्षक जगत टमाटाको नजरमा उनी १६ वर्षमूनिको घरेलु प्रतियोगिताहरूबाटै परिरहेका थिए । नरेन यू-१९ विश्वकप छनौटको क्याम्पमा समेत परेका थिए जहाँ उनले धेरै राम्रो गरेको टमाटा बताउँछन् ।

'सानैदेखि राम्रो खेल्ने केटा हो, यू-१९ विश्वकपको क्याम्पमा पनि परेको हो विकेट पनि लियो । यसो हेर्दा ब्याटिङ पनि ठीकठाक नै थियो' जगतले संचारकर्मीसँगको कुराकानीमा भने, 'परिवारका सदस्यको पनि राम्रो साथ थियो । घरेलु क्रिकेटमा पनि राम्रो प्रदर्शन गरेको देखेर नै हामीले टिममा पनि राखेका हौं ।'

नरेनले एसिया कपमा खेल्दै गर्दा पनि टिमले उनलाई खेलाउने बारेमा सोचिरहेको उनले बताए । 'आजको खेलमा उनीमाथि क्याप्टेनको पनि विश्वास थियो, हामीले पनि बाहिरबाट सन्देश दिइरहेका थियौं' उनले भने, 'सुदूरको खेलाडीहरूमा एउटा किसिमको जुनून् छ क्रिकेट भनेपछि, उनको कन्फिडेन्स पनि हाई छ अनि सबैको साथ पाएर राम्रो पनि गरेका छन्, राम्रो भयो ।

नरेनले गत महिना भएको नरेश श्रेष्ठ स्मृति यू-१९ क्रिकेट प्रतियोगितामा पनि राम्रो प्रदर्शन गरेका थिए । प्रतियोगिताभर उनले ७ खेलमा १६ विकेट लिएका थिए जसमा उनले मधेशविरुद्ध ४ रन दिएर ४ विकेट, कर्णालीविरुद्ध ९ रन दिएर ५ विकेट तथा कोशीविरुद्ध १० रन दिएर ४ विकेट लिनेजस्ता प्रदर्शन गरेका थिए । प्रतियोगिताको उपाधि पनि सुदूर पश्चिमले नै जितेको थियो ।

त्यसैगरी प्रधानमन्त्री कप क्रिकेटमा पनि उनले ९ खेलमा ९ विकेट लिएका थिए । एसिया कप खेल्न जानुअघि भएको कर्णाटकसँगको अभ्यास खेलमा पनि उनले एकै खेलमा चार विकेट पनि लिएका थिए । त्यसैगरी यूएईमा भएको एसिया कपमा उनले श्रीलंका विरुद्ध एक विकेट हात पारेका थिए । उनले ब्याटबाट पनि केही सहयोग गर्न सक्छन् । एसिया कपको अन्तिम खेलमा अफगानिस्तानलाई हराउने क्रममा उनले सर्वाधिक २६ रन बनाएका थिए ।

प्रशिक्षक टमाटा साउदले राम्रो गर्दै गए भविष्यमा नेपालको सिनियर टिमसम्मै पुग्न सक्ने खेलाडी भएको बताए । 'अहिल्यै त नहोला किनकि सिनियर टिममा जान पनि एउटा सिस्टम छ । सिस्टमा आएर आफूले काम गर्नुपर्‍यो' उनले भने ।

नरेनले आजको सुदूर पश्चिमसँगको खेलमा आफ्नो लागि एरासमसको विकेट स्पेशल भएको उल्लेख गरे । नरेनलाई छक्का प्रहार गरेलगत्तै उनले एरासमसलाई आउट गरेका थिए । आगामी खेलमा अझै राम्रो गर्दै जाने नरेनको विश्वास छ ।

आजको खेलबारे कुरा गर्दा सुदूरपश्चिमले टस जितेर पहिले ब्याटिङ गर्दै १६७ रन बनाएको थियो । ब्रान्डन माकमुलेनले अर्धशतकीय पारी खेलेका थिए भने विनोद भण्डारी र दीपेन्द्रसिंह ऐरीले पनि राम्रो पारी खेलेका थिए ।

जवाफमा काठमाण्डु ९४ रनमा अलआउट भयो । सुदूर पश्चिमका नरेनले ५ विकेट तथा अविनाश बोहराले २ लिँदा ब्रान्डन माकमुलेन, सेफ अली जैबले एक-एक विकेट लिए ।

जितबारे बोल्दै जगत टमाटाले २ मा २ जित निकाल्दा उत्साहित रहेको बताए । 'सबैजनालाई एउटा रोल दिएका थियौं, उनीहरूले त्यो रोलमा राम्रो काम गरिरहेका छन्' उनले भने, 'हामीसँग अलराउण्डरहरू पनि छन् राम्रो भइरहेको छ । कमजोर कुनै पनि टिम छैन, जसले राम्रो खेल्यो उसले जित्ने हो' सुदूरपश्चिमले अब आफ्नो तेस्रो खेलमा शनिबार विहान लुम्बिनीसँग खेल्ने छ । काठमाडौंले भने अब पाँच दिनको ब्रेकपछि लुम्बिनीसँग बुधबार खेल्ने छ ।

*(स्रोतः अनलाइनखबर)*

# नयाँ वर्षमा राजेश हमाल, विपिन र समीरबीच भिडन्तको सम्भावना







काठमाडौं/दशैं-तिहार पछि फिल्म रिलिजका लागि नेपाली नयाँ वर्ष पनि उपयुक्त समय मानिन्छ । विदा नभए पनि नयाँ वर्षमा हलमा दर्शकीय आकर्षण अक्सर राम्रो देखिन्छ ।

यसैले वर्षेनि नयाँ वर्षमा फिल्म रिलिजको ठूलै चाप हुने गर्छ । आगामी नयाँ वर्ष (२०८२)मा पनि 'हेभिवेट' भिडन्तको सम्भावना देखिएको छ । सम्भवतः त्रिपक्षीय भिडन्त हुनसक्छ । त्यो पनि मल्टीस्टारर फिल्मबीच । ती फिल्म हुन्, 'नरसिंहा अवतार', 'बलिदान' र 'कर्मा' ।

सौरभ चौधरीको निर्देशनमा बन्न लागेको 'कर्मा'ले चैत २९ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकेको छ । अर्थात् नयाँ वर्षको तीन दिनअघि फिल्म रिलिज हुनेछ । योबाहेक 'नरसिंहा अवतार' र 'बलिदान'को भने आधिकारिक रुपमा प्रदर्शन मिति घोषणा गरिएको छैन । तर, दुवै फिल्मका निर्माता केही दिनभित्रमा नयाँ वर्षलाई प्रदर्शन मिति घोषणा गर्ने तयारीमा रहेको स्रोतको दाबी छ ।

'कर्मा'को छायांकन यही मंसिर अन्तिम साताबाट सुरु गरिँदैछ भने 'नरसिंहा अवतार' र 'बलिदान'को आधाभन्दा बढी छायांकन पूरा भइसकेको छ । रोचक कुरा के छ भने यी तीनवटै एक्सन प्रधान फिल्म हुन् । एउटै मितिमा एउटै जनराका तीन फिल्म एकसाथ रिलिज हुनु व्यापारिक हिसाबले घातक मानिन्छ । किनकि, यो अवस्थामा कुनै फिल्मले पर्याप्त शो पाउँदैनन् । र, दर्शक पनि बाँडिन्छन् । जसले गर्दा व्यापार डामाडोल बन्न पुग्छ । यद्यपि, भिडन्तले दिलाउने चर्चा भने राम्रै हुनसक्छ ।

यसअघि नयाँ वर्षलाई लक्षित गर्दै चैत २९ गतेलाई अभिनेता सौगात मल्लको अभिनय रहने फिल्म 'कल्ली'को पनि प्रदर्शन मिति घोषणा गरिएको थियो । तर, विभिन्न कारणले छायांकनमा निस्कन ढिलाई भएपछि अब यो फिल्म पूर्वघोषित मितिमा रिलिज नहुने निश्चित प्रायः छ । यद्यपि, निर्माताले भने यसको पुष्टि गरेका छैनन् ।

'नरसिंहा अवतार' अभिनेता राजेश हमालको कमब्याक फिल्म हो । 'बलिदान'मा भने समीर भट्ट र सौगात मल्ल मुख्य भूमिकामा छन् । त्यस्तै, 'कर्मा'मा विपिन कार्की र उपासना सिंह ठकुरीको अभिनय रहनेछ । यसरी हेर्दा तीनवटै फिल्म कलाकारको हिसाबले कमजोर देखिँदैनन् । अब भिडन्त भएको खण्डमा बक्स अफिसमा कसको कति शक्ति देखिन्छ, त्यो सबैभन्दा महत्त्वपूर्ण हुनेछ ।

# नाजिर र सृष्टिको 'केटी हराएको सूचना' माघ ११ गतेलाई निश्चित




काठमाडौं/'पूर्ण बहादुर को सारङ्गी'ले बक्स अफिसमा सुनामी ल्याएपछि त्यसको भयले दुई चरणमा ट्रेलर समेत सार्वजनिक भइसकेको फिल्म 'मिसिङः केटी हराएको सूचना'को प्रदर्शन नै स्थगन गरियो । फिल्मलाई गत कात्तिक ३० गते प्रदर्शनको तयारी गरिएको थियो । अब यो फिल्म आगामी माघ ११ गतेबाट प्रदर्शनमा आउने भएको छ । बिहीबार निर्माताले नयाँ प्रदर्शन मिति घोषणा गरेका हुन् ।

यो फिल्मका निर्देशक दीपेन्द्र गौचन हुन् । यो उनको पहिलो निर्देशकीय फिचर फिल्म हो । करिब ३२ वर्षअघि उनको निर्देशनमा बनेको डकु-ड्रामा 'उजेली' निकै चर्चित मानिन्छ । उनले 'हाम्रो मुमिन' डकु-ड्रामाको पनि निर्देशन गरेका थिए । 'केटी हराएको सूचना'मा उनी स्वयंको निर्माण तथा लेखन छ । कार्यकारी निर्माता भने नकिम उद्दिन हुन् ।

फिल्ममा नाजिर हुसेन र सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन् भने सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र लगायतको पनि अभिनय छ । विशेष भूमिकामा भने अमितेश शाह छन् । फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व तथा दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत छ ।

# 'कार्साङ' टिजरः गरिबी र अभावको कथा

काठमाडौं/आगामी पुष २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कार्साङ'को टिजर सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक २ मिनेट २५ सेकेण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । गरिबी र अभावले पिलिसएको झाँक्रीको परिवारले जीवन चलाउन गरेको संघर्षलाई टिजरमा देखाइएको छ । अभिनेता दयाहाङ राई झाँक्रीको भूमिकामा प्रस्तुत छन् ।

दयाहाङको पात्र छोराको बिहेका लागि पैसा जुटाउन लागि परेको छ । तर, गरिबीका कारण आफन्तले पनि ऋण पत्याउँदैनन् । जसले गर्दा ऊ श्रीमतीको गरगहना र गाईवस्तु नै बेच्नुपर्ने अवस्थामा पुग्छ । श्रीमान्-श्रीमतीको भूमिकामा रहेका जितु नेपाल र दीया मास्केको सन्तान नहुँदा उत्पन्न कलहलाई पनि टिजरमा रोचक ढंगले देखाइएको छ ।

'कार्साङ' यम शेर्पाको डेब्यु निर्देशकीय फिल्म हो । र, पहिलो फिल्ममै उनले आफ्नो समुदायको कथा उठाएका छन् । यसमा उनी स्वयंको लेखन छ । फिल्ममा दयाहाङको श्रीमतीको भूमिका सिर्जना निङलेखुले निभाएकी छन् । बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, कविता आले, कर्मा शेर्पा लगायतको पनि फिल्ममा अभिनय छ ।

यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्सको प्रस्तुति रहेको फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन छ भने उनी स्वयं निर्मातामा छन् । त्यस्तै, सह-निर्मातामा गोविन्द बोहरा तथा कार्यकारी निर्मातामा आङछिरिङ शेर्पा रहेका छन् । भूपेन्द्र अधिकारीको सम्पादन रहेको फिल्मलाई नेपालमा आरआर फिल्मसले वितरण गर्नेछ । अन्तर्राष्ट्रिय वितरण अधिकार भने हुल्या इभेन्टसले लिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडास्थित प्राधिकरणबाट कसले गायब बनायो सात करोडको सामान ?

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ हेटौडा उपमहानगरपालिका-५ भैरवरोड स्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय जिन्सी व्यवस्थापन शाखाबाट सात करोड बराबरका सामान गायब भएको तथ्य बाहिरिएको छ

सामान हराएको घटनाको वास्तविकता पत्ता लगाउन गठन भएको छानबीन समितिले संलग्न व्यक्तिलाई कारबाहीको सिफारिस गरेको छ । विद्युत् प्राधिकरणको खरिद व्यवस्थापन महाशाखाबाट हेटौंडास्थित केन्द्रीय जिन्सी व्यवस्थापन शाखामा दाखिला भएका विद्युतीय सामान कर्मचारीको लापरबाहीका कारण गायब भएपछि प्राधिकरणले केन्द्रीयस्तरमा गठन गरेको छानबीन समितिले सात करोड बराबरका सामान हराएका प्रतिवेदन दिएको प्राधिकरणको खरिद व्यवस्थापन महाशाखा प्रमुख जीतेन्द्रकुमार झाले जानकारी दिए ।

हेटौंडास्थित जिन्सी शाखाको तत्कालीन प्रमुख बुद्धकुमार कार्कीले वर्तमान प्रमुख रमेश पराजुलीलाई सामान बरबुझारथ गर्ने क्रममा अभिलेखअनुसारका सामान नपाइएपछि सामान हराएको वास्तविकता सार्वजनिक भएको हो । 'खरिद भएका सामानको अभिलेख छ । तर, स्टोरमा अभिलेखबमोजिमका सामान छैनन्,' महाशाखा प्रमुख झाले भने, 'अभिलेखमा भएका सामान कहाँकहाँ छन् ? भनेर खोज्दै जाँदा कतिपय सामान अन्य प्रदेशमा गएको पनि देखियो । तर, सात करोड बराबरका सामान अझै गायब छन्' तत्कालीन शाखाप्रमुखलगायत कर्मचारीउपर कारबाही अघि बढाइएको महाशाखा प्रमुख झाले बताए ।




एक दशकभन्दा लामो समय कार्कीले जिन्सी शाखाको प्रमुख भएर काम गरेको जनाइएको छ । जिन्सी शाखाबाट उनलाई हटाएर रमेश पराजुलीलाई प्रमुख बनाएपछि सामान बुझबुझारथ गर्ने क्रममा अभिलेखमा सामान देखिने तर, यथार्थमा सामान नभेटिएपछि १८ महिनाअघि नेपाल विद्युत् प्राधिकरणले छानबीन समिति गठन गरेको थियो । समितिसमक्ष तत्कालीन प्रमुख कार्कीले 'सामान अन्यत्र क्षेत्रमा पठाएको तर त्यसको कागजपत्र नआएकाले हराएको देखिएको' भनेर दाबी गरे ।

'कागजपत्र र सामान सहीसलामत देखाउँछु' भनेर थप समय माग गरे । छानबीन समितिले समय दियो तर, कार्कीले सामान देखाउन सकेनन् । समितिले प्राधिकरणलाई ठोस सुझाव दिन नसकेका कारणले विद्युत् प्राधिकरणले बागमती प्रदेश विद्युत् प्राधिकरण कार्यालय प्रमुख नवराज ओझा संयोजकत्वमा ३ सदस्यीय छानबीन समिति गठन गरेको हो । समितिले स्थलगत अध्ययन अनुसन्धानको साथै बुद्धकुमार कार्कीसँग बयान लिएर २ साताअघि प्राधिकरणलाई प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदनमा दुई किसिमका इन्सुलेटर, पीसीभी केबललगायत ७ करोड रुपैयाँबराबरको सामान हराएको छ । सामान वा त्यो बराबरको मूल्य तत्कालीन जिन्सी शाखाका प्रमुखु कार्कीबाट असुलउपर गराउन समितिले प्राधिकरणलाई रायसहित प्रतिवेदन बुझाएको छ । तत्कालीन जिन्सी शाखाप्रमुख कार्की अहिले पनि हेटौंडास्थित जिन्सी शाखामा कार्यरत छन् ।

उनी गत जेठदेखि कार्यालयमा नियमित ढंगले उपस्थित हुने गरेका छैनन् । २ वर्षको बीचमा २ पटक जिन्सी शाखामा आगलागी भएको छ । तर, आगलागीमा के कति क्षति भयो ? त्यो भने सार्वजनिक गरिएन । छानबीन समितिले सात करोड रुपैयाँबराबरका सामान हराएका प्रतिवेदन दिएको प्राधिकरणको खरिद व्यवस्थापन महाशाखा प्रमुख जितेन्द्रकुमार झाले बताए ।

# राष्ट्रिय माविकी प्रजाको कबिता उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मकवानपुर महिला समूहले आयोजना गरेको माध्यमिक विद्यालयस्तरीय कबिता प्रतियोगितामा राष्ट्रिय मावि सुनाचुरीकी छात्रा सुष्मा प्रजाको कबिता उत्कृष्ट ठहरिएको छ ।

मकवानपुर महिला समूहले मनहरी गाउँपालिका कार्यालयको समन्वयमा मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविमा आयोजना गरेको प्रतियोगितामा मनहरी गाउँपालिका भित्रका माध्मिक विद्यालयका छात्रछात्रा सहभागी प्रतियोगितामा भोजसिद्ध माविकी छात्रा कृषा लो द्वितीय भइन् । महेन्द्रकिरण माविकी रोसिका कार्की तृतीय र भोजसिद्धकी रबिना खड्का सान्त्वना भएका थिए । प्रतियोगिताका बिजेताहरुलाई मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी, मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापाले नगदसिहत शैक्षिक सामग्री पुरस्कृत गरेका थिए ।

लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियानअन्तरर्गत आयोजना गरिएको विद्यालयस्तरीय कबिता प्रतियोगिता पशुपतिनाथ मावि ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको अध्यक्षतामा भएको थियो । मनहरी गाउँपालिका शिक्षा प्रमुख प्रदीप पराजुली, स्रोतशिक्षक बिदुर थापा, माइती नेपाल मकवानपुर कार्यक्रम संयोजक माया लामाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कबिता प्रतियोगितासँगै मकवानपुर महिला समूहले लैङ्गिकहिंसाबिरुद्धको हस्ताक्षर संकलन तथा गीतिनाटक प्रदर्शन गरिएको थियो ।

# बागमतीका भौतिकमन्त्री मास्केद्वारा एकैपटक चार आयोजना उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्केले एकैपल्ट चारवटा आयोजनाको उद्घाटन गरेका छन् ।

मन्त्रालयले निमार्ण गरेको सिन्धुली-भीमस्थान, चकमके-उदयपुर कटारी सडक, लोथरखोला पक्की पुल, नेपाल रेडक्रस सोसाइटी वेलघारी उपशाखा भवन र भीमस्थान बेलघारी सहरी सडकको उद्घाटन गरेका हुन् । भौतिक पूर्वाधार विकास मन्त्रालयअर्न्तगत पूर्वाधार विकास कार्यालय सिन्धुली र सहरी विकास तथा भवन कार्यालय सिन्धुलीअर्न्तगत निर्माण सम्पन्न भएको लोथरखोला पक्की पुल निर्माणअर्न्तगत ४ करोड २२ लाखको लागतमा पुल तयार भएको हो ।

त्यस्तै, सिन्धुली-भीमस्थान, चकमके-कटारी सडक ९ करोड ५६ लाख सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी वेलघारी उपशाखा भवन ६५ लाख रुपैयाँ लागतमा सम्पन्न भएको हो । भौतिक पूर्वाधार विकास मन्त्री मास्केले प्रदेश सरकार निरन्तर जनताको मर्मअनुरुपको काममा रहेको बताए ।

उनले भने, 'हामी विकास निर्माणका काममा तल्लीन छौं, सरकार प्रदेशको आमूल परिवर्तनको दिशामा अगाडि बढेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको सपना र मन्त्रालयको योजनामा प्रदेशलाई विकसित प्रदेशमा रुपान्तरण गर्ने योजनामा हामी अगाडि बढेका छौं' । कार्यक्रममा मन्त्रालयका सचिव अमृत श्रेष्ठ, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र स्थानीयबासीको सहभागिता थियो ।

# नारायणी लिफ्ट तथा खगेरी सिंचाईको नियमित संञ्चालनमा मन्त्रालय लाग्छ: मन्त्री खड्का

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले नारायणी लिफ्ट तथा खगेरी सिंचाई व्यवस्थापन आयोजनालाई नियमितरुपमा संञ्चालन गर्ने गरी मन्त्रालयले काम गर्न तयार रहेको बताएका छन् ।

बिहीबार कार्यालयको निरीक्षण गर्दै उनले जनताको आयस्तरसँग जोडिएका आयोजनालाई नियमितरुपमा संञ्चालनमा ल्याउने गरी काम गर्न जरुरी रहेको बताए । नारायणी लिफ्ट तथा खगेरी सिंचाई व्यवस्थापन आयोजनालाई प्रभावकारीरुपमा संचालनमा ल्याउन सके उत्पादन बढाएर यहाँको उत्पादनले अन्य जिल्लालाई समेत पुऱ्याउन सकिने उनले बताए ।

मन्त्रालयका सचिव मोहनकुमार शाक्यले नियमित सिंचाईका लागि आवश्यक सहयोग गर्न मन्त्रालय तयार रहेको बताए । 'योजना बनाएर जनताले सेवा पाउने काम गरौं हामी सहयोग गर्न तयार छौं' उनले भने । मन्त्रालयबाट हुन सक्ने र गर्न सकिने काममा आफू सधैं सकारात्मक भएको सचिव शाक्यले बताए । उनले भने 'नियमित सेवा दिन के गर्नुपर्छ योजना बनाएर ल्याउनुहोस् हामी काम गर्न तयार छौं ।'

मन्त्रालयको सिंचाई महाशाखा प्रमुख मेघराज अवस्ती, नारायणी लिफ्ट सिंचाई आयोजनाका अध्यक्ष पूर्णबहादुर रानाभाट



लगायतले दुबै सिंचाई आयोजनालाई नियमित संञ्चालन गर्नसके पश्चिम चितवनमा सिंचाईको अभाव नहुने बताए । कार्यालयका प्रमुख प्रकाश तिमल्सिनाले कार्यालयको अबस्था र अहिले भइरको कामका बारेमा प्रकाश पारेका थिए । मन्त्री खड्काले बिहीवार नै पूर्बीचितवनमा रहेको भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय खैरहनी र जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय भरतपुरको निरीक्षण गरे ।

## सुरक्षित अन्न भण्डारण गरौं

☞ भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,

☞ अन्नलाई सफा, सुख्खा, कम आङ्गता भएको ठाउँमा राखौं,

☞ भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,

☞ स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रवाट पेन्ट गरेर मात्र राखौं,

☞ भण्डारण गर्ने कोठामा हावाको राम्रो वन्दोवस्त मिलाऔं,

☞ अन्न भण्डारको समय-समयमा निगरानी गरौं,

☞ अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना !

*प्रकाशित मिति : २०८१/०८/२१*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटकपटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस दिन)** भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असुल्ने क्रममा तपाईंले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असुलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाईं ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीबाट नै भराई लिईनेछ । तपाईं ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : राजन बल<br>बाबुको नाम : पंचबहादुर बल<br>बाजेको नाम : कृष्ण बहादुर बल<br>ना.प्र.प.नं. ३१-०१-७२-०१९९६<br>जारी मिति: २०७२/०३/१५<br>ठेगाना : नामटार ३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नाम: धनराज बल<br>बाबुको नाम: कृष्ण बहादुर बल<br>बाजेको नाम : श्रीलाल बल<br>ना.प्र.नं. ६१/४०२२५<br>जारी मिति : २०६३/०८/१०<br>ठेगाना : नामटार-३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नाम : कान्छा बल तामाङ<br>बाबुको नाम : श्रीलाल बल तमाङ<br>बाजेको नाम : बहादुर सिं<br>ना.प्र.नं. २८६२/३७०६<br>जारी मिति : २०३८/१२/०२<br>ठेगाना : नामटार-३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नाम : रामराज बल<br>बाबुको नाम : पंचबहादुर बल<br>बाजेको नाम : कृष्ण बहादुर बल<br>ना.प्र.नं. ३११०४३/४६३४४<br>जारी मिति : २०६४/०८/१८<br>ठेगाना : नामटार ३ मकवानपुर | <br><br><br> | कान्छा बल लामाको नाउँमा मालपोत कार्यालय हेटौडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला नामटार गा.बि.स. वार्ड नं ३ स्थित कि.नं. ६७०/६६७/६६८ को क्षेत्रफल ०-१४-०-०/२-४-०-३/१-१-०-० को जग्गा । |
| २ | **नाम** : धनराज बल<br>बाबुको नाम : कृष्ण बहादुर बल<br>बाजेको नाम : श्रीलाल बल<br>ना.प्र.नं.६१/४०२२५<br>जारी मिति : २०६३/०८/१०<br>ठेगाना : नामटार ३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नाम : कृष्ण बहादुर बल<br>बाबुको नाम : श्रीलाल बल<br>बाजेको नाम : बहादुर सिं बल<br>ना.प्र.नं. २८८४<br>जारी मिति : २०४३/११/०६<br>ठेगाना : नामटार ३ मकवानपुर | <br> | कृष्ण बहादुर बलको नाममा मालपोत कार्यालय हेटौडा मकवानपुरमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला नामटार गा.वि.स वाड नं ३ स्थित कि.नं. ६१५ को क्षेत्रफल २-०-०-१ को जग्गा । |
| ३ | **नाम** : मनहरी भट्ट<br>बाबुको नाम : बुद्धिसागर भट्ट<br>बाजेकोको नाम : चेत नाथ भट्ट<br>श्रीमतीको नाम : निता भट्ट<br>ना.प्र.प.नं. ३१४४/१००<br>जारी मिति : २०५२।१०।२५<br>ठेगाना : थाहा-६ बज्रबाराही, मकवानपुर |  | मनहरी भट्टको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मक्वानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थित कि.नं. ७२२ को क्षेत्रफल ०-३-३-३, वार्ड न १ स्थित कि.नं. १०३९ को क्षेत्रफल ०-३-०-०, वार्ड नं ८ स्थित कि.नं. १४५१ को ०-३-१-२, वार्ड न १ स्थित कि.नं. २५५५ को क्षेत्रफल १-१४-०-३, वार्ड न ८ स्थित कि.नं. १४४९ को क्षेत्रफल ०-०-२-२ को जग्गा । |
| ४ | **नाम** : हिरामती गोपाली<br>बाबुको नाम : रामबहादुर गोपाली<br>पतिको नाम : सुविन्द्र गोपाली<br>ना.प्र.प.नं. : ३७/२५३७५<br>जारी मिति : २०६२।०४।११<br>ठेगाना : बज्रबाराही-६ कुन्छाल, मक्वानपुर |  | हिरामती गोपालीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १७४४ को क्षेत्रफल ०-५-०-० को जग्गा । |
| ५ | **नाम** : सान्त बहादुर बलामी<br>बाबुको नाम : पदम बहादुर बलामी<br>बाजेकोको नाम : धनलाल बलामी<br>ना.प्र.प.नं.: ६१७<br>जारी मिति: २०४५।०१।२०<br>ठेगाना: बज्रबाराही-२ लिलाखेल, मकवानपुर<br>**जग्गा मञ्जुरी दिने**<br>नाम : विना श्रेष्ठ<br>बाबुको नाम : पदम बहादुर बलामी<br>पतिको नाम : सन्तोष श्रेष्ठ<br>ना.प्र.प.नं. १०५७९<br>जारी मिति: २०६०।१२।०३<br>ठेगाना: काठमाडौं-१३ | <br> | सान्त बहादुर बलामी र विना श्रेष्ठ को नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १३७७ को क्षेत्रफल ०-१०-०-०, सान्त बहादुर बलामीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थित कि.नं. ७५५ को क्षेत्रफल ५-१३-३-० को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना